सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक



औरही नगरपालिकामा २० औं राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका दिवस मनाइँया। पेज ४ मा

♦ वर्ष ७ ♦ अंक ८१ ♦ २०८० साल मंसीर २० गते बुधवार ♦ 6 Dec 2023 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ www.shirishnews.com

## माओवादी कमजोर भए गणतन्त्र धरापमा पर्छ : प्रधानमन्त्री प्रचण्ड



**खबर दर्पण समाचारदाता**

**मंसीर १९ गते, महोत्तरी**

नेपाल कम्युस्टि पार्टी (माओवादी केन्द) का अध्यक्ष एवम् प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले माओवादी कमजोर भए गणतन्त्र धरापमा पर्ने बताउनुभएको छ। मङ्गलबार महोत्तरीको गौशालामा आयोजित मधेश प्रदेशस्तरीय अगुवा कार्यकर्ता प्रशिक्षण कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै उहाँले परिवर्तनको रक्षा गर्न माओवादी बलियो हुनुपर्ने बताउनुभयो।

अध्यक्ष प्रचण्डले भन्नुभयो, "मैले पार्टी अध्यक्षको नाताले, देशको प्रधानमन्त्रीको नाताले देश दुनियाँ जसरी देखेको छु। त्यसरी हेर्दा हाम्रो पार्टी मात्रै कमजोर हुने हो भने सङ्घीय लोकतान्त्रिक गणतन्त्र धरापमा पर्छ।"

उहाँले माओवादीबाहेक कसैले देशको स्वाधीनता र स्वतन्त्रताको पक्षमा काँध नथाप्ने बताउनुभयो। "सङ्घीय लोकतान्त्रिक गणतन्त्र धरापमा परेर कुनै निरङ्कुशतन्त्र आयो भने यो देश टिक्नेबाला छैन। देशको अस्तित्व खतरामा पर्छ। माओवादीबाहेक अरु कसैले वा कुनै पार्टी विशेषले देशको राष्ट्रिय स्वाधीनता र स्वतन्त्रताको पक्षमा र सङ्घीय लोकतान्त्रिक गणतन्त्रको पक्षमा काँध थाप्नेबाला छैन", उहाँले भन्नुभयो।

"मुलुकमा सङ्घीय लोकतान्त्रिक

बाँकी पृष्ठ २ मा

## विप्लव, नेकपाको बर्दिवासमा मसाल जुलुस



**खबर दर्पण समाचारदाता**

**मंसीर १९ गते, बर्दिवास**

नेत्रविक्रम चन्द विप्लव नेतृत्वको नेकपाले मंगलबार साँझ महोत्तरीको बर्दिवास ८ हाथीलेटको क्वाटरमा मसाल जुलुस निकालेको छ।

तीनबुँदे सहमति र राजनीतिक मुद्दा फिर्ता लिन सरकारले ल्याएको अध्यादेश कार्यान्वयनको माग गर्दै सो पार्टीको जिल्ला कमिटी महोत्तरी ले मसाल जुलुस निकालेको हो।

तत्कालीन केपी शर्मा ओली नेतृत्वको सरकारले विप्लव नेतृत्वको नेकपासँग तीनबुँदे सहमति गरेको भएपनी सहमति भएको लामो समय बितिसक्दा समेत राज्य पक्षले कार्यान्वयन नगरेको भन्दै त्यसको विरोधमा मसाल जुलुस निकालिएको नेकपा महोत्तरीका सेक्रेटरी आईकन सि ले जानकारी दिए। तीनबुँदे सहमति कार्यान्वयन गर्न दबाबस्वरुप मसाल जुलुस

बाँकी पृष्ठ २ मा

## रुकुम हत्याकाण्ड : वडाअध्यक्ष मल्लसहित २४ जनालाई जन्मकैदको फैसला

**खबर दर्पण समाचारदाता**

**मंसीर १९ गते, महेन्द्रनगर**

रुकुमपश्चिमको चौरजहारी नगरपालिका-८, सोती गाउँमा गैरदलित प्रेमिका भगाउन खोज्दा नवराज विकसहित ६ जनाको हत्या भएको मुद्दाको फैसला आएको छ।

जिल्ला अदालत रुकुमका न्यायाधीश खड्गबहादुर केसीको इजलासले एकजना वडाअध्यक्षसहित २४ जनालाई जन्मकैदको सजाय सुनाएको हो।

आइतबारदेखि जारी अन्तिम सुनुवाइ आज (मंगलबार) सकिएपछि यस्तो फैसला आएको उक्त मुद्दामा बहस गरेका वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठीले नेपालखबरलाई बताए।

सजाय पाउनेहरूमा वडाध्यक्ष डम्बरबहादुर मल्ल, डिल्ली मल्ल ठकुरी, प्रेमबहादुर ठकुरी, सन्तोष मल्ल, मानबहादुर मल्ल, टोपबहादुर मल्ल, तिलक चन्द, हर्कबहादुर मल्ल, विनोद मल्ल, नेत्रबहादुर मल्ल, रेशमबहादुर मल्ल, विष्णु मल्ल, इन्द्रबहादुर भन्ने इर्द ठकुरी, लिपेन्द्रकुमार मल्ल, धनराज राना, नवीनकुमार घर्ती मगर, विराज पुन मगर, भीमबहादुर पुन मगर, रमित पुन मगर, सर्वजित भन्ने सविन पुन र मोहन पुन मगर छन्। त्यसैगरी परिवर्तित नाम ५४, ३६ (१) र (३) सहित तीनजनालाई पनि जन्मकैदको सजाय भएको छ।

उनीहरूलाई जातीय छुवाछुतको मुद्दामा दुई वर्ष कैद र ५० हजार रुपैयाँ जरिवानासमेत तोकिएको छ।

यो मुद्दामा अदालतले अन्य आठजनालाई भने सफाइ


बाँकी पृष्ठ ३ मा



ए.एस.डी. अफसेट प्रेस

क्षीरेश्वरनाथ नगरपालिका-५ महेन्द्रनगर (हनुमान मन्दिर देखि पूर्व को कुचाई जाने बाटो), धनुषा

✓पत्रिका
✓क्यालेण्डर
✓रजिष्टर, डाइरी
✓किताब
✓परीक्षा कपी
✓पर्चा पम्पलेट
✓बिल, भाउचर,



✓स्क्रिन प्रिन्ट
✓विवाह कार्ड
✓प्रमाण पत्र
✓भिजिटिङ्ग कार्ड
✓झोला प्रिन्ट
✓रबर स्टाम्प



✓फ्लेक्स प्रिन्ट
✓ब्यानर प्रिन्ट
✓होर्डिङ्ग बोर्ड
✓स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

संचालक : अजय साह , सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१९८१८१८९

# माओवादी कमजोर भए...




गणतन्त्रको बिगुल नेकपा माओवादीले फुकेको हो", प्रधानमन्त्री दाहालले नेता तथा कार्यकर्तालाई प्रेरित गर्दै भन्नुभयो, "यसको स्थायित्व र सबलीकरणको नेतृत्व पनि हामीले नै गर्नुपर्छ।" स्वार्थभन्दा माथि उठेर काम गर्न उहाँले निर्देशन दिनुभयो ।

अभियानका क्रममा जनसरोकार का मुद्दा पार्टीका नेता कार्यकर्ताले उठाउन र उजागर गर्न उहाँले अपिल गर्नुभयो। अभियानमा जोडिएका सबै नेता कार्यकर्ताको मूल्याङ्कन पार्टी नेतृत्वले गरिरहेको उहाँले बताउनुभयो ।

अध्यक्ष प्रचण्डले पार्टी र सरकारको सन्देश प्रत्येक घरघरमा पुऱ्याउन सञ्चालन गरेको "जनतासँग माओवादी विशेष रुपान्तरण अभियान" एक महिना थप गरिएको घोषणासमेत गर्नुभयो। माओवादी र जनताको सम्बन्ध सुदृढ र सुमधुर बनाउन रुपान्तरण अभियानको समयावधि थप गर्नुपर्छ भन्ने कुरा कार्यकर्ताबाट आएपछि एक महिनाका लागि अभियान थपिएको उहाँले बताउनुभयो।

उहाँले भन्नुभयो, "अब फेरि सयम थप्दैनौं। अभियान सकिएपछि केन्द्रीय समितिको बैठक बस्छ। समग्र अभियानको समीक्षा गरे लगत्तै विधान सम्मेलन गर्छौं। त्यसलगत्तै तीन महिने पार्टी सुदृढ अभियान चलाउँछौं।"

मधेश प्रदेश माओवादीका लागि उर्वरभूमि भएको बताउँदै अध्यक्ष प्रचण्डले मधेश कम्युनिस्ट आन्दोलनको स्थापनादेखि अहिलेसम्म अग्रमनको पक्ष रहँदै आएको र नेपालकै लागि एउटा राम्रो सन्देश दिँदै आएको बताउनुभयो।

मधेस प्रदेश प्रमुख लिलामणि पोखरेलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्रदेशबाट प्रतिनिधित्व गर्ने केन्द्रीय सदस्य, प्रदेश समितिका पदाधिकारी, अभियानका जिल्ला संयोजक र जिल्ला अध्यक्षसहित एक हजार भन्दा बढी नेताको सहभागीता रहेको थियो।


## विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९


# सञ्चारक्षेत्रका महत्वपूर्ण कामहरु अगाडि.....

तथा समिक्षा हुनुपर्नेमा जोड दिनुभयो ।

गृह, सञ्चार तथा कानून मन्त्रालयका निमित सचिव उत्तम खरेलले आवश्यक गृहकार्य गरी कानून संशोधन प्रक्रिया अगाडि बढाइने बताउनुभयो ।

मधेश प्रदेश सभाका कानून उपसचिव अरुण कुमार झाले सञ्चार ऐनलाई संशोधन गरी आमसञ्चार प्राधिकरणलाई अधिकार सम्पन्न बनाएर एफ.एम. रेडियो, टेलिभिजन, पत्रपत्रिका, अनलाइन लगायतका सञ्चारमाध्यमहरुको दर्ता, अनुमतिपत्र, लाइसेन्स दिने लगायतका कामहरु अगाडि बढाउनुपर्ने सुझाव दिनुभयो ।

आमसञ्चार प्राधिकरणका अध्यक्ष श्यामसुन्दर यादवले कानूनी जटिलता, बजेट अभाव, कर्मचारी अभाव पूर्ती हुननसक्दा झेल्नुपरेको समस्याहरुबारे अवगत गराउनुभयो । मधेश प्रदेश सरकारबाट प्राप्त जिम्मेवारी पुरा गर्न आफुले कुनै कसर बाँकी नराखेको बताउँदै वहाँले भन्नुभयो 'हामी काम गर्न चाहन्छौ, त्यसैले बाधा व्यवधानको पोको फुकाइदिनु हुन अनुरोध छ, कर्मचारी अभावमा पनि आफैले खट्ने गरेको छु, त्यसैले अन्य निकायहरु भन्दा आमसञ्चार प्राधिकरणले अनुभूति हुने गरी कामहरु अगाडि बढेका छन् ।'

मधेश प्रदेश लोककल्याणकारी विज्ञापन सम्बन्धी कार्यविधि २०७९ र मधेश प्रदेश पत्रकार स्वास्थ्य र दुर्घटना बीमा सम्बन्धी कार्यविधि पारित भई लोककल्याणकारी विज्ञापन र बीमा कार्यक्रमले निरन्तरता पाएको अध्यक्ष यादवले बताउनुभयो । वहाँका अनुसार मधेश प्रदेशका मिडियाहरुले दुईवर्षदेखि लोककल्याणकारी विज्ञापन उपलब्ध गराउँदैआएको तथा यो वर्ष पनि निरन्तरता दिन सूचना जारी गरेको तथा एक सय दश जना पत्रकार महिलाहरुको बीमा गरेको, बजेट प्राप्त भए यो वर्ष सम्पूर्ण पत्रकारको एक लाखको स्वास्थ्य र सात लाखको दुर्घटना बीमा गर्ने लक्ष्य रहेको छ ।

मधेश प्रदेशमै अनलाइन मिडिया दर्ता एवम् नवीकरण हुँदैआएकोमा हालसम्म २६ ओटा अनलाइन मिडिया दर्ता भएको, बाटो पत्रकारिताको नामक एकीकृत प्रशिक्षण श्रोत पुस्तक प्रकाशन, अनलाइन पत्रकारिता, श्रब्यदृष्य, छायाङ्कन तथा सम्पादन तालिम, कृषि पत्रकारिता सम्बन्धी अभिमुखिकरण, सामुदायिक रेडियोहरुको सबलीकरण एवम् सुदृढिकरणबारे अभिमुखिकरण, पत्रकार महिलाहरुका लागि साइबर सुरक्षा तथा आत्मरक्षा सम्बन्धी प्रशिक्षण, मधेशका विषयवस्तुमा समाचारहरुको विषयमा रासस र गोरखापत्रका कार्यकारी अध्यक्ष, प्रधान सम्पादकसँग समाचारको विषयमा मधेश प्रदेशका समाचारदाताहरुको समन्वय एवम् अभिमुखिकरण लगायतका कार्यक्रमहरु आयोजना गरेको वहाँले बताउनुभयो । पत्रकारितामा स्नातक र स्नातकोत्तर अध्ययनका लागि छात्रवृत्ति दिई मधेशको पत्रकारिता क्षेत्रलाई प्रोत्साहन गर्ने उद्देश्यले पत्रकारिता अध्ययन छात्रवृति सम्बन्धी कार्यविधि, निर्माण, पत्रकारिता प्रशिक्षण केन्द्रबारे गृहकार्य, प्रेस प्रतिनिधि परिचयपत्र, अनलाइन मिडियालाई समेत लोककल्याणकारी विज्ञापन उपलब्ध गराउनका लागि मधेश प्रदेश लोककल्याणकारी विज्ञापन व्यवस्थापन कार्यविधि २०७९ लाई संशोधन प्रक्रिया अगाडि बढाईएको अध्यक्ष यादवले जानकारी दिनुभयो ।

कार्यक्रममा मिडिया काउन्सिलका कार्यवाहक अध्यक्ष कैलाश दास, प्राधिकरणका सदस्य प्रतिमा चौधरी, प्रशासकीय प्रमुख उपेन्द्र कुमार सिंह, कानून अधिकृत संदिप कुमार सिंह, सञ्चार अधिकृत नाजो भगत, लेखापाल कौशल कुमार महतो लगायतले सुझाव राख्नुभयो ।

## भाग्य चक्र

(ज्यो. हरिकृष्ण उपाध्याय)

**मेष** - अपूरा कार्य पूर्ण हुनेछन्। धार्मिक तथा आध्यात्मिक क्षेत्रतर्फको काममा सहभागी बन्नुपर्नेछ सानोतिनो लाभदायक यात्राको सम्भावनालाई नकार्न सकिँदैन।

**वृष-** व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ । पती-पत्नी बीचको सम्बन्ध अझ प्रगाढ हुनेछ ।

**मिथुन-** सामाजिक कामबाट प्रशंसा प्राप्त हुनेछ। धार्मिक, सामाजिक र सांस्कृतिक सभासमारोहमा सरिक हुने सम्भावना छ। बौद्धिक क्रियाकलाप, दर्शन र चिन्तनप्रति झुकाव बढ्ने छ। भाइबहिनी र छोराछोरीले मनग्ये सहयोग गर्नेछन्।

**कर्कट** -समय अनुकुल छ । व्यापार व्यवसायमा उन्नतीको योग छ। शैक्षिक गतिविधिमा रुचि बढ्नेछ । यात्रा हुने योग छ । अचल सम्पती जोर्न सकिन्छ ।

**सिंह** -समय राम्रो छ। अन्न फलफूल आदि कृषिजन्य व्यवसायबाट राम्रो आर्थिक उपार्जन हुने योग छ। नोकरी बाट सन्तोष लिन सकिनेछ।

**कन्या** - सामाजिक कामको दायित्व थपिने छ। वित्तीय क्षेत्र र व्यापारिक लगानीका लागि नयाँ काम गर्न उचित समयको योग छ।

**तुला** -खराब समय छ। स्वास्थ्यमा अचानक गडबडी आउने सम्भावना देखिन्छ। सानोतिनो चोटपटक नै पनि लाग्न सक्छ, सचेत एवं सावधान रहनु होला।

**वृश्चिक** -आर्थिक क्षेत्र सबल रहने छ भने स्वास्थ्य पनि सकारात्मक रहने छ। कार्य सफल हुँदै जानेछ। प्रेमिका संग रमाइलो यात्रा हुन सक्छ।

**धनु** - लामो समयपछि रस रङ्गको चाहना पूर्ण हुने योग आएको छ। दाम्पत्य सम्बन्धमा सुमधुरताको प्राप्ति हुनेछ। बालबच्चाबाट पनि सुख सन्तोष प्राप्त हुनेछ।

**मकर** -अध्ययन, अध्यापन र लेखनकार्यमा उच्च सफलता प्राप्त हुने छ। व्यावहारिक र प्राविधिक काममा विशेष सफलता प्राप्त हुने छ। आम्दानीका मार्गहरु खुल्ला रहनेछन्।

**कुम्भ-**प्रतिकूल समय छ, त्यसैले विश्वास गरेका व्यक्तिबाट नै विश्वासघात हुने सम्भावना छ। अशान्ति र अराजकताका समाचार सुन्नु पर्ने हुनसक्छ। दाम्पत्य सम्बन्धमा पनि तालमेल बिग्रन सक्छ।

**मीन** -मानप्रतिष्ठा र सामाजिक मर्यादामा अभिवृद्धि हुनेछ। व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ । उपहारआदी प्राप्त हुनेछ ।

## आवश्यक टेलिफोन नम्बरहरु

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बच्छार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१–५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय बर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/ ९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१ ९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# रुकुम हत्याकाण्ड : वडाअध्यक्ष मल्लसहित.........................

दिएको छ। त्यसैगरी अरु दुईजना नाबालकलाई जातीय छुवाछुतमा दुई वर्ष कैदको सजाय तोकिएको छ।

यो मुद्दामा सफाइ पाउनेहरूमा तुलाराम घर्ती, डिल्ली घर्ती, क्यापे भनिने लोकेन्द्र घर्ती, सौरभ पुन, भीमबहादुर बुढा, इन्द्रबहादुर मल्ल, तुलबहादुर मल्ल र दीपेन्द्र चन्द रहेका छन्।

२०७७ जेठ १० गते जाजरकोटको भेरी नगरपालिका-४ रानागाउँका २१ वर्षीय नवराज विक आफ्ना साथीहरू लिएर मल्ल थरकी प्रेमिका भगाउन रुकुमपश्चिमको सोतीगाउँ पुगेका थिए।

त्यस क्रममा सोती गाउँका गैरदलित बासिन्दाले आक्रमण गरी नवराजसहित ६ जनाको हत्या गरेका थिए। घटनामा १२ जना घाइते भएका थिए। सोती गाउँ गएका नवराज सहित उनका साथीहरू सन्दीप विश्वकर्मा, टीका राम सुनार, लोकेन्द्र सुनार, गणेश बुढा र गोविन्द शाहीको सामूहिक हत्या गरिएको थियो। उनीहरूका शव भेरी नदीमा भेटिएका थिए। सबै शव संकलन गर्न २ साता लागेको थियो।

यसपछि नवराजका बुबा मुनलाल नेपालीले दिएको जाहेरीका आधारमा चौर-जहारी -८ का तत्कालीन वडाध्यक्ष डम्बरबहादुर मल्लसहित ३४ जनाविरुद्ध २०७७ जेठ ३२ गते जिल्ला अदालतमा मुद्दा दर्ता गरिएको थियो।

तीमध्ये किशोरी (नवराजकी प्रेमिका) की आमा धरौटी र अन्य १० अभियुक्त सामान्य तारेखमा रिहा भएका थिए भने २३ जना पुर्पक्षका लागि कारागारमा थिए।

३४ अभियुक्तमध्ये ३३ जनालाई कर्तव्य ज्यान, ज्यान मार्ने उद्योग, जातीय भेदभाव र छुवाछूत कसुरको अभियोग छ भने एक जनालाई मतियार बनेको अभियोग थियो।

## कस-कसलाई थियो अभियोग?

सौरभ पुन
तुलाराम घर्ती
रेशम बहादुर मल्ल
रमित पुन मगर
दीपेन्द्र चन्द
तुल बहादुर मल्ल
सन्तोष मल्ल
डम्बरबहादुर मल्ल (वडाअध्यक्ष)
प्रेमबहादुर ठकुरी
विनोद मल्ल,
सर्वजित भन्ने सविन पुन
टोपबहादुर मल्ल
डिल्ली घर्ती
भीमबहादुर पुन
इन्द्रबहादुर मल्ल
तिलक चन्द
क्यापे भनिने लोकेन्द्र घर्ती
नेत्रबहादुर मल्ल
विराज पुन मगर
विष्णु मल्ल
मोहन पुन मगर
मानबहादुर मल्ल
भीमबहादुर बुढा
हर्कबहादुर मल्ल
इन्द्र बहादुर भन्ने इर्दबहादुर ठकुरी
धनाराज राना
डिल्ली मल्ल ठकुरी
नवीन कुमार घर्ती मगर
लिपेन्द्र कुमार मल्ल
तीनजना नाबालाकरू

# विप्लव, नेकपाको ..

गरिएको उनको भनाई छ। सरकारले नेत्रविक्रम चन्द विप्लव नेतृत्वको नेकपाको कार्यकर्तालाई आममाफी दिन अध्यादेश राष्ट्रपति कार्यालयमा अनुमोदनका लागि पठाएकोले सिघ्र उक्त अध्यादेश निशर्त अनुमोदन गर्नुपर्ने उनको माग रहेको छ।

**छोरा छोरीमा भेदभाव नगरौं ।**

# औरही नगरपालिकामा २० औं .....

भुत स्वास्थ्य सेवा केन्द्र पहिलो स्थानमा रहेको छ।

प्रथम गर्ने स्वास्थ चौकी औरही लाई प्रमाणपत्र,घडी र टर्च,दोस्रो गर्ने स्वास्थ चौकी सोनामाई लाई प्रमाणपत्र,पानी तातो र चोसो गर्ने मेसिन, तेस्रो गर्ने लाई स्वास्थ चौकी श्रीपुर लाई पनि प्रमाणपत्र ,पानी तातो र चोसो गर्ने मेसिन र आधारभुत स्वास्थ्य सेवा केन्द्र श्रीपुर लाई पनि प्रमाणपत्र,तातो र चोसो गर्ने मेसिन सहित सम्मन गरिएको औरही स्वास्थ शाखाका प्रमुख चन्द्र भुसन ठाकुरले बताए. साथै सेव द चिल्ड्रनको आर्थिक सहयोगमा ९ ओटै स्वास्थ सस्थालाई अटोक्लेव र ग्यास सहितको चुलो सहयोग गरेका छन्।

कार्यक्रममा प्रमुख अथिति और ही नगरपालिका नगर प्रमुख प्रदिक कुमार खड्का,विशिष्ट अतिथि उपप्रमुख रेणु झाले दिप बालेर कार्यक्रम उदघाटन गर्नु भएको थियो भने अधिकारीको अध्यक्षता तथा औरही स्वास्थ्य शाखाका प्रमुख चन्द्रभुषण ठाकुर को सञ्चालनमा सम्पन्न भएको थियो ।


## सूचना ! सूचना !!! सूचना !!!

**नदी सार्वजनिक सम्पती हो । नदीबाट निस्केका नहरहरुको रेखदेख गर्नु हामी सबैको कर्तव्य हो । नहर सफा राख्नु सबैको दायित्व हो । नहरको जमिन अतिक्रमण गर्नु हुँदैन । सरकारले निर्धारण गरेको क्षेत्रफल भित्रको नहरको जग्गामा कुनै प्रकारको अतिक्रमण कानुनको वरखिलाफ हो । नहर क्षेत्रमा गैर कानुनी रुपमा निर्माण गरिएको सबै प्रकारको निर्माण सिंचाई विभागले भत्काउने भएकाले नहर क्षेत्रमा भौतिक निर्माण नगरौं । नहर फराकिलो भयोभने सबैलाई फाइदा हुन्छ । नहरको क्षेत्रलाई संरक्षण र सम्बर्द्धन गर्नु हामी सबैको दायित्व हो ।**

जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, महोत्तरी

## सूचना ! सूचना !!! सूचना !!!

सडक हामी सबैको साँझा सम्पती हो । सडक सिमा अतिक्रमण नगरौं । सडक सिमाभित्र फोहर, गोबर, खरानी लगायतका सामानहरु नराखौं । निर्माण सामाग्री थुपार्ने ढल निकास गर्ने जस्ता कार्यहरु नगरौं । सडक दुर्घटनाबाट जोगाऔं र अरुलाई पनि जोगाऔं ।

**डिभिजन सडक कार्यालय**
**मुजेलिया, जनकपुर**

**विद्युत चुहावट बन्द गरौं । सभ्य समाजको निर्माणमा अग्रसर होऔं । विद्युत महशुल नतिर्ने ग्राहक वर्गको जुनसुकै बेला पनि विद्युत लाईन काटिने व्यहोरा जानकारीको लागि अनुरोध छ ।**

नेपाल विद्युत प्राधिकरण
**प्रादेशिक कार्यालय, मुजेलिया, जनकपुर**

## सूचना ! सूचना !! सूचना !!!

**सडक हामी सबैको साझा सम्पति हो । सडक सिमा अतिक्रमण नगरौं । सडक सिमाभित्र फोहर,गोबर ,खरानी लगायतका सामानहरु नराखौं । निर्माण सामाग्री थुपार्ने ढल निकास गर्ने जस्ता कार्यहरु नगरौं । सडक दुर्घटना बाट जोगाऔं र अरुलाई पनि जोगाऔं ।**

**हुलाकी सडक आयोजना**
**धनुषा**

**वन जंगल डढेलोबाट जोगाउँ वन अतिक्रमण गर्ने कार्य कानुन विपरित हो । त्यस्ता कार्य गर्नेलाई चेतना प्रदान गरौं । वन पैदाबार जडीबुटीको अबैध ओसार- पोसार र जीवजन्तुको अबैध सिकार नगरौं ।**

**डिभिजन वन कार्यालय**
महोत्तरी

**वन जंगल डढेलोबाट जोगाउँ वन अतिक्रमण गर्ने कार्य कानुन विपरित हो । त्यस्ता कार्य गर्नेलाई चेतना प्रदान गरौं । वन पैदाबार जडीबुटीको अबैध ओसार- पोसार र जीवजन्तुको अबैध सिकार नगरौं ।**

**डिभिजन वन कार्यालय**
धनुषा

## सूचना ! सूचना !!! सूचना !!!

**नदी सार्वजनिक सम्पती हो । नदीबाट निस्केका नहरहरुको रेखदेख गर्नु हामी सबैको कर्तव्य हो । नहर सफा राख्नु सबैको दायित्व हो । नहरको जमिन अतिक्रमण गर्नु हुँदैन । सरकारले निर्धारण गरेको क्षेत्रफल भित्रको नहरको जग्गामा कुनै प्रकारको अतिक्रमण कानुनको वरखिलाफ हो । नहर क्षेत्रमा गैर कानुनी रुपमा निर्माण गरिएको सबै प्रकारको निर्माण सिंचाई विभागले भत्काउने भएकाले नहर क्षेत्रमा भौतिक निर्माण नगरौं । नहर फराकिलो भयोभने सबैलाई फाइदा हुन्छ । नहरको क्षेत्रलाई संरक्षण र सम्बर्द्धन गर्नु हामी सबैको दायित्व हो ।**

जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, धनुषा

## कृषक वर्गमा अनुरोध

नेपाल एक कृषि प्रधान देश भएको र खाद्यमा आत्म निर्भरता बढाउने सरकारी प्रयास स्वरुप किसानलाई विभिन्न खालेसेवा सुविधा उपलब्ध हुँदै आएको छ । समयमा वर्षा नहुँदा कयन खेत बारीहरु बाँझै छन्, नजिकै पानीको श्रोत नभएको ठाउँमा के कसरी सिँचाई गर्ने सवालमा तराईका जिल्लाहरुमा भूमिगत (जमिनमुनी) का जललाई उपभोग गर्न सकिन्छ । यसरी भूमिगत जलश्रोतबाट अधिकतम रुपमा सिंचाई सेवा उपलब्ध गराउने उद्देश्यले भूमिगत जलश्रोत विकास समिति महोत्तरीले धनुषा, महोत्तरी, सर्लाही र सिन्धुली जिल्लाको केहि भागमा समूहगत सिंचाई सेवा उपलब्ध गराउँदै आइरहेको छ। नजिकै पानीको मुहान नभएको ठाउँमा के कसरी सिंचाई गर्न सकिन्छ भने अधिक जानकारीका लागि तपसीलको ठेगानामा सम्पर्क राखी खाद्यमा आत्म निर्भरता बढाउन भूमिगत जलश्रोत सिंचाई प्रयोग गरौं ।

भूमिगत सिंचाई विकास डिभिजन
महोत्तरी फोन नं. ०४४-५२०४५४

# सञ्चारक्षेत्रका महत्वपूर्ण कामहरु अगाडि बढाउन कानून संशोधन एवम् परिमार्जन आवश्यक : गृह, सञ्चार तथा कानून मन्त्री समिम

**खबर दर्पण समाचारदाता**
**मंसीर १९ गते, महेन्द्रनगर**



मधेश प्रदेशका गृह, सञ्चार तथा कानून मन्त्री मोहम्मद समिमले सञ्चारक्षेत्रका महत्वपूणर् कामहरु अगाडि बढाउन कानून संशोधन एवम् परिमार्जन आवश्यक रहेको बताउनु भएको छ ।

आमसञ्चार प्राधिकरणले मङ्गलबार मन्त्रालयमा आयोजना गरेको कानूनी जटिलता सम्बन्धी सरोकारवालाहरुसँग राय तथा छलफल कार्यक्रममा बोल्नुहुँदै उहाँले यस्तो बताउनुभएको हो ।

मधेश प्रदेश सरकारका प्रवक्ता समेत रहनुभएका वहाँले काम गर्न चाहने निकाय तथा पदाधिकारीलाई आफुले सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्नुहुँदै भन्नुभयो ‘आवश्यकता अनुसार ऐन, नियमावली तथा कार्यविधिहरु संशोधन गरी सञ्चार क्षेत्रका कामहरु प्राथमिकताकासाथ अगाडि बढाउँछौ ।’

आमसञ्चार प्राधिकरण जनकपुर धामले मिडिया र मिडियाकर्मीहरुको हकहित तथा प्रवर्द्धनका लागि गर्दैआएका प्रयासहरु प्रशंसनीय रहेको भन्नुहुँदै मन्त्री समिमले कानून संशोधनका साथै आवश्यक बजेट समेत व्यस्थापन गर्न आफु प्रतिवद्ध रहेको बताउनुभयो।

काम गर्ने निकाय तथा पदाधिकारीलाई प्रोत्साहन तथा काम नगर्ने तथा प्राप्त जिम्मेवारी पुरा गर्न समय नदिनेलाई कार्वाही गरिने बताउनुभयो ।

प्रहरी र कर्मचारी समायोजनमा ढिलाई भइरहेकोप्रति चिन्ता व्यक्त गर्नुहुँदै अबको निर्णायक सङ्घर्षमा मिडियाहरुको सकारात्मक भूमिका हुनुपर्नेमा उहाँले जोड दिनुभयो ।

मुख्य न्यायाधिवक्ता विरेन्द्र ठाकुरले सञ्चार सम्बन्धी ऐन, नियमावली र कार्यविधि समयानुकुल परिमार्जन एवम् संशोधन गर्न सकिने बताउनुभयो । उहाँले सकारात्मक विषयहरुले सञ्चार माध्यमहरुले समुचित स्थान दिनुपर्ने तर्क गर्नुभयो ।

मधेश प्रदेश सरकारका प्रेस सल्लाहकार सीताराम अग्रहरीले मधेश प्रदेशमा स्थापना गरिएका निकायहरुको कामकार्वाहीको विषयमा प्रभावकारी अनुगमन

*बाँकी पृष्ठ २ मा*

# औरही नगरपालिकामा २० औं राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका दिवस मनाइँयो

**धर्वेन्द्रकुमार यादव 'यदुवंशी'**
**मंसीर १९ गते, महोत्तरी**



“स्वास्थ्य क्षेत्रमा दिगो बिकासः महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको संयुक्त प्रयास” भन्ने मूल नारा सहित औरही नगरपालिकामा मंगलवार २० औं राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका दिवस मनाईएको छ ।

दिवसको अवसरमा औरही नगर पालिका र औरही स्वास्थ्य शाखाको संयुक्त आयोजनामा आयोजित स्वयंसेविका स्तरिय हाजिरीजवाफ प्रतियोगितामा ६ ओटा समुहामा ६-६ जना गरेर समुह बनाएर हाजिरीजवाफ प्रतियोगिता गरेका थिए। सो प्रतियोगितामा समुह A पहिलो, समुह B दोस्रो, समुह C चौथो, समुह D तेस्रो भएका छन्।

प्रथम भएका सहभागीहरु समुह लाई इलेक्ट्रिक जग पुरुस्कार, दोस्रो भएका सहभागीहरु समुह लाई थर्मस पुरुस्कार, तेस्रो सहभागी समुह लाई जर्जर टर्च पुरुस्कार दिएका छन ।

२० औं महिला सामुदायिक स्वास्थ्य स्वंय सेविका दिवस औरही नगरपालिकाले विविध कार्यक्रमका साथ मनाएको छ । सोही अवसरमा नगर पालिकाका ९ वटा वडाहरुमा कार्यरत महिला स्ववंसेविकाहरुलाई घडी, मोबाईल, सिमकार्ड सहित सम्मान गरेको छ ।

त्यस्तै यस नगरपालिकामा ३ ओटा स्वास्थ चौकी र ६ ओटा आधारभूत स्वास्थ चौकी रहेको छ।

आ.व.०७९/८० स्वास्थ्य क्षेत्रमा पालिका स्तरीय वार्षिक मुल्यांक गर्दा स्वास्थ चौकी औरही प्रथम,स्वास्थ चौकी सोनामाई दोस्रो,स्वास्थ चौकी श्रीपुर तेस्रो र ६ ओटा आधार भूत स्वास्थ चौकी मध्य वडा नम्बर ५ मा रहेको आधार

*बाँकी पृष्ठ ३ मा*


## सूचना ! सूचना !!! सूचना !!!

**आफ्नो गाई भैसीहरुमा कृत्रिम गर्भाधान गराइ उन्नत किसिमका पाडा-पाडी, बाच्छा-बाच्छी उत्पादन गरी दूध उत्पादन बढाऔं ।**

हिउँद तथा वर्षे घासको विकास गरौं र
उन्नत किसिमका घासको श्रोत केन्द्र स्थापना गरी आत्म निर्भर बनौं । पशु बिमा गरि पशु धनको सुरक्षा गरौं ।

**भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, जनकपुरधाम**

**जिल्लाको सहरी क्षेत्रमा घर टहरा निर्माण गर्दा नगरपालिकाको माप दण्ड अनुसार निर्माण कार्य गरौं । मापदण्ड विपरीत घर टहरा निर्माण नगरौं तथा नगरको सौन्दर्यतालाई जोगाउन अघि बढौं ।**

संघीय आयोजना कार्यान्वयन ईकाई कार्यालय धनुषाको अनुरोध

## जानकी एकेडेमीक हस्पिटल प्रा.लि.

**Hot line number**
9748457490 / 9748457491

**रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)**

**सम्पर्क नं.** 9854028392 / 9854021392 / 9801528392

**प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्धारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।**

**२४ औं घण्टा उपलब्ध सेवा**

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्धारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा ३ढीको रोग प्रत्येक महिनाको पहिलो हप्ता सेवा दिइन्छ।

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुबिधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्धारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।
- विरामी भर्नाको लागि क्ष्लमययच को व्यवस्था ।


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा